# एकीकृत सम्पत्ति विवरण पेश गर्नेबारे सम्पत्ति धनीहरूलाई अत्यन्त जरुरी सूचना

यस बुद्धभूमी नगरपालिकाले हालसम्म मालपोत असूल गरी आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस नगरपालिकाको स्थानीय आर्थिक ऐन, २०७५ बमोजिम आ.व. ०७५।७६ श्रावण १ गते देखि एकीकृत सम्पत्ति कर लागू गरिने भएकाले नगरपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गा धनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण दाखिला गरी नगरपालिकामा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम बुद्धभूमी नगर कार्यपालिकाको कार्यालयबाट यही २०७५।०३।२० गतेदेखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सत्य तथ्य विवरण भरी आगामी श्रावण १ गतेभित्र नगर कार्यपालिका कार्यालय/अन्तर्गत वडा कार्यालयमा समय भित्र आ–आफ्नो सम्पत्ति (घर र संरचना) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ । यस्तो विवरण जग्गाधनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन्।

एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व. ०७४।७५ सम्मको मालपोत र भूमिकर चुक्तागर्नु पर्नेछ। एकीकृत सम्पति कर तिरेपछि सो घर / जग्गामा मालपोत, भूमिकर र घरजग्गा कर नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**बुद्धभूमी नगर कार्यपालिकाको कार्यालय**

**बुड्ढी कपिलवस्तु**

मेघनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)